जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०७८ वैशाख १ गते

## शोक वक्तव्य

विगत दुई दशकभन्दा बढी समयदेखि इन्सेक अभियानमा आवद्ध कपिलवस्तु जिल्ला बुद्धभूमि नगरपालिका-४ निवासी हाल इन्सेक कपिलवस्तु जिल्ला सहजकर्ताको रुपमा कार्यरत नन्दराम पौडेलको २०७७ चैत ३१ गते साँझ सडक दुर्घटनामा परी मृत्यु भएको खबरले हामीलाई दुःखी बनाएको छ । दुःखको यस घडीमा हामी दिवंगत पौडेलप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछौँ ।

१० वर्ष लामो सशस्त्र द्वन्द्वको समयमा सर्वसाधारणको जीवन रक्षा तथा मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेखिकरणमा उहाँको महत्वपुर्ण योगदान रहेको थियो । सशस्त्र द्वन्द्व तथा प्रतिकार समूहका नाममा विस्थापित भएकाहरूको पुनःस्थापना, द्वन्द्व पीडितको न्याय तथा स्थानीय शान्ति समितिमार्फत द्वन्द्व रुपान्तरणका सवालमा उहाँले महत्वपूर्ण कार्यहरू गर्नुभएको थियो ।

इन्सेकसँग आवद्ध रहेर द्वन्द्व पीडितको न्याय प्राप्तिको अभियानमा पुऱ्याउनु भएको योगदान तथा समग्र मानव अधिकार संरक्षण तथा सम्बर्द्धनमा गर्नु भएको कार्यको इन्सेकले सदा स्मरण गरिरहनेछ । इन्सेकले आफ्नो एक जना असल र कर्मशील सहयोद्धा मानव अधिकार रक्षक गुमाएको छ भने परिवारले एक जना महत्वपूर्ण सदस्य गुमाएको छ ।

नेपालमा मानिसको मृत्युको प्रमुख कारणहरु मध्ये सडक दुर्घटना पनि रहने गरेको छ । असुरक्षित राजमार्ग, कमजोर अनुगमन प्रणाली तथा सवारी चालकको लापरबाही जस्ता कारणहरुको न्यूनीकरणका लागि भरपर्दो संयन्त्र निर्माणमा हामी सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँछौं । यस दुखद् घटनाका दोषीउपर कारवाही सुनिश्चित गर्न इन्सेक नियामक निकायसँग जोडदार माग गर्दछ ।

**डा. इन्दिरा श्रेष्ठ**
अध्यक्ष

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१० (नीलो घर), स्यूचाटार, काठमाडौं
पोष्ट बक्स नं.: २७२६, काठमाडौं, नेपाल, फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
Email: insec@insec.org.np Web-site: www.insec.org.np, www.inseconline.org